कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ४ अंक ४४ (संयुक्तांक १९८) ने. सं. ११३५ तछलागा सप्तमी बुधवाः २०७२ जेठ २७ गते बुधवार (Jun-10, 2015) पृष्ठ ८ मूल्य रु.५/-

# सहमति गरेकै मध्यरातमा शीर्ष नेताहरुवीच विवाद

**कीर्तिपुर सन्देश साप्ताहिक/**

जेठ २४ गते मध्यरातमा सत्तारुढ दल नेपाली कांग्रेसका सभापति सुशील कोइराला, एमालेका अध्यक्ष केपी शर्मा ओली, एकीकृत माओवादीका अध्यक्ष प्रचण्ड र फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छेदारले हस्ताक्षर गरि १६ बुँदे सहमति संगसंगै नेताहरु वीच विवाद पनि भएको थियो ।

विवादकै कारण सहमति सार्वजनिक गर्न आयोजना गरेको रातीको पत्रकार सम्मेलनमा शीर्ष नेताहरु सहभागी नभएको थाहा भएको छ ।

सो पत्रकार सम्मेलनमा प्रमुख दलका संसदका सचेतकहरु मात्र सहभागी भई सहमति पत्र पढेर सुनाएका थिए ।

सूत्रले दिएको जानकारी अनुसार मध्यरातमा १६ बुँदे सहमति भई अन्तिम ड्राफ्त तयारी भइसकेपछि कांग्रेसका सभापति एवं प्रधानन्त्री सुशील कोइरालाले अचानक बहुलवादको प्रसंग उठाउँदै बहुलवादलाई समावेश गर्नुपर्ने बताउनु भएको थियो ।

कोइरालाले सो कुरा गर्ना साथै एकीकृत माओवादीका अध्यक्ष प्रचण्ड आक्रोशित हुँदै यस्तो कुरा गरे सहमति हुँदैन भनी चेतावनी दिनु भएको थियो । त्यसमा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रचण्डलाई साथ दिएको थियो ।

त्यसपछि प्रधानमन्त्री सुशील कोइराला पनि रिसाउँदै अर्को कोठामा लाग्नु भएको थियो । यसरी नेताहरु वीच विवाद हुँदै एकले अर्कोप्रति आक्रोशित भएका कारण पत्रकार सम्मेलनमा शीर्ष नेताहरु सहभागी हुन नपाएको सूत्रले बताएको छ ।



## आखिर सहमति पत्रका के छ ?

१) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा पहिचानका ५ र सामर्थ्यका ४ आधारमा आठ (८) प्रदेश निर्माण गरिनेछ ।

२) प्रदेशको नामाकरण प्रदेश सभाको दुई तिहाइ बहुमतको निर्णयबाट गरिनेछ ।

३) प्रदेशको सीमाङ्कन संबन्धी सिफारिश गर्न नेपाल सरकारले एक संघीय आयोग गठन गर्नेछ । आयोगको कार्यावधि ६ महिना हुनेछ । संघीय आयोगको सुझाव-प्रतिवेदन प्राप्त भएपछि प्रदेशको सीमाङ्कनको अन्तिम निर्णय व्यवस्थापिका- संसदको दुई तिहाइ बहुमतले गर्नेछ ।

४) संघीय संसद प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक हुनेछ । प्रादेशिक सभा एक सदनात्मक हुनेछ ।

५) प्रतिनिधिसभाको निर्वाचन मिश्रित निर्वाचन प्रणालीबाट गरिनेछ । प्रतिनिधिसभामा कूल २ सय ७५ सदस्य रहनेछन् । भूगोल र जनसंख्याको आधारमा देशमा कूल १ सय ६५ संसदीय निर्वाचन क्षेत्र हुनेछन् । यी निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचन प्रणाली अन्तरगत बहुमत प्राप्त गर्ने १ सय ६५ प्रतिनिधिसभा सदस्य निर्वा्चित हुनेछन् । बाँकी १ सय १० सदस्य समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वा्चित हुनेछन् ।

*बाँकी २ पेजमा*

## २८ दल, जनजाति र नेवाः समुदायको आक्रोश

जेठ २४ गते मध्यरातमा ४ राजनीतिक दलले १६ बुँदे सहमति गरेपछि २८ दल, आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपाल र नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिका अगुवाहरु आक्रोशित भएका छन् । ३० दलीय गठबन्धन भित्र रहेको एकीकृत माओवादी र फोरम लोकतान्त्रिक विनाको पहिचान सहितको संघीयताका लागि अव आन्दोलनमा जानुपर्ने कुरा समेत मंगलवार छलफल सुरु भएको छ । यसै वीच मंगलवार मात्र २८ दलको संयुक्त बैठक बसेको छ भने भावी रणनीति तयार गर्ने विषयमा छलफल भएको थियो । यसै वीच आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालले पनि चार दलले गरेको ८ प्रदेश सहितको संघीयताको विरोध गरेको छ । आफूहरु समानताका लागि आन्दोलनमा आएको बताउँदै जातीय पहिचान सहितको संघीयताका लागि आन्दोलन बाहेकको विकल्प नभएको समेत जनजाति नेताहरुले बताएका छन् । मुलुक भुकम्पको विपद परेको र जनता पीडामा रहेको अवस्थामा आफूहरुको फाइदाका लागि ४ दलले सो सहमति गरेको आन्दोलनका अगुवा एवं नेवाः देय् दबूका अध्यक्ष नरेश ताम्राकारले बताउनु भएको छ । यसै वीच नेवाः स्वायत्त राज्यको लागि आन्दोलन गर्दै आएको नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिका अध्यक्ष मणि रत्न शाक्यले पनि ४ दलको सहमतिको विरोध गरेको छ ।

**कोरीया रोजगारीको लागी तयारी कक्षाहरु सञ्चालन**

समयमै तयारीमा लागौं मेहनतमा भर परौं, भ्रममा नपरौं

तपाईंको मेहनत नै १००% ग्यारेन्टि पास

**कोरीयन भाषा**

**विहान, दिउँसो र साँझ**

**विशेषताहरु :**

- दैनिक ३ घण्टा EPS-Topic परीक्षाको लागि तयारी कक्षा Dictation, Listening & Reading Test र हरेक दिन Class Test र विद्यार्थीहरुको प्रगति विवरण चुस्त दुरुस्त राखी आवश्यक सरसल्लाह, अतिरिक्त कक्षाहरु तथा पाठ्य सससससामग्रीहरुको राम्रो व्यवस्था गरिने ।
- Books/CDs हरुको राम्रो व्यवस्था साथै Audio/visual,Exercise and Question Books को व्यवस्था ।
- EPS-TOPIK को परीक्षालाई मध्येनजर गरी परीक्षामा विद्यार्थीहरुलाई सामना गर्नु पर्ने सम्भावित समस्याहरुलाई सम्बोधन गर्ने गरी हरेक हप्तामा छुट्टै Weekly Model Tests पनि लिइने ।
- नियमित परीक्षाहरुको माध्यमबाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपको विशेष कक्षाहरुको व्यवस्था गरिने । त्यसमा पनि कमजोर विद्यार्थीहरुले Supporting Class अनिवार्य रुपमा लिने व्यवस्था ।
- EPS-Topic, Skill Test तथा CBT को पनि कक्षाहरु धमाधम सञ्चालन ।
- प्रशिक्षकहरु दक्ष, अनुभवी पुस्तक अनुवादक साथै विगतका वर्षहरुमा विद्यार्थीहरुलाई सर्वाधिक उत्तीर्ण गराउन सफल ।
- Korea मा पढ्न जान चाहनेहरुको लागि पनि उचित परामर्श साथै Korea जान Tourist Visa को पनि उचित परामर्श र Vocational/Job को बारेमा उचित परामर्श ।

**Valley Institute Kirtipur**

NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509

**विश्वमै तहल्का मचाएका Xiaomi Mi MOBILES**

**नेपालको लागी आधिकारीक विक्रेता**

**अब नेपालमा ONLINE मार्फत बिक्री बितरण**

Online बाट किन्दा फाइदा के ?

Importer ले Distributer र Retailer लाई

दिने फाइदा अब सोझै ग्राहकलाई




MOBILAND ELECTRONIC PVT.LTD

**मोविल्याण्ड ईलेक्ट्रोनिक प्रा. लि.**

कीर्तिपुर-१७, बाहिरी गाउँ (नेपाल टेलिकमसँगै)

शाखा कार्यालय महाराजगंज, नारायणगोपाल चोक

फोन नं. ०१४३३४२३५, ०१४३३२०५७

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रबन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# विपतको बेलामा किन चार दलको सहमति सहमति ?

**महाभूकम्पका कारण देश विपदमा परेको अवस्थामा चार राजनीतिक दलहरु कांग्रेस, एमाले, एकीकृत माओवादी र फोरम लोकतान्त्रिकका शीर्ष नेताहरुले १६ बुँदे सहमति गरेको कुरा अहिले सर्वाधिक चर्चाको विषय बनेको छ। संविधानसभाको चुनाव हुनुभन्दा अघिदेखि नै विवाद हुदै आएको राज्य पुनर्सरचनाको सवालमा अहिले चार दलवीच नाम र सिमाङकन विनाको आठ प्रदेशमा सहमति गरेका कारण यो समयमा नै किन सहमति गरेको हो भनी प्रश्न उठ्नु स्वाभाविकै हो।**

**नाम प्रदेश सभाले राख्ने र सिमाङकन आयोगले गर्ने भनी सहमति सहित अगाडी बढ्ने हो भने पहिलो संविधानसभामा नै किन नेताहरुले सहमति नगरेको ? त्यो बेला यसरी सहमति गरि अगाडी बढ्न कसैले रोकेको थिएन। यस्तो सहमति गर्ने नै हो भने किन दोस्रो निर्वाचनको नाटक दलका नेताहरुले गरेको हो भनी समेत प्रश्न उठ्न थालेको छ।**

**महाभुकम्पवाट मुलुकको ७५ जिल्ला मध्य १४ जिल्ला प्रभावित भएको र यसले देशभरी नै असर परेको अवस्थामा प्रमुख दलका नेताहरुले कतै मध्य रातमा सहमति गर्नुको अर्थ यो समयमा आफूहरुले सहमति गरेको खण्डमा पनि विरोध गर्न नसक्ने र तत्काल कोही पनि सडकमा आउन नसक्ने ठहर गरि सहमति गरेको त हैन भनी विश्लेषण हुन थालेको छ। साच्चै चार दलका शीर्ष नेताहरुले गरेको १६ बुँदे सहमितले मुलुकका लागि र आ आफ्नै पार्टी भित्र कसरी मिलाउने हो भन्ने विषय भोलीका दिनमा स्पष्ट हुदै जाने निश्चित छ।**

# मनको कुरा



**राजेन्द्र अमात्य**

सत्यलाई दबाउन सकिन्छ, तर नाश कदापि हुँदैन। सत्य, सत्य नै हुन्छ। असत्य, असत्य नै हुन्छ। वास्तविक कुरा कसैले लुकाउन सकिँदैन। विश्वास गर्नोस् तर शंकामा आधारित भएर। देशको राजनीतिक परिस्थिति नाजुक छ। त्यसकारण स्थायी विश्वास कसैमाथि कहिल्यै नगर्नोस्। आफूप्रतिको आफ्नो धारणालाई अरुको धारणा सम्झने, भावुकताबाट सँधै बच्नोस्। अन्यथा आफ्नो भावुकताले आफैलाई खान्छ।

मोहभंग भएको क्षण आस्थाको पहाड टुट्न सक्दछ। टुट्ने पहाड जस्तो आस्थाको कल्पना गर्दै नगर्नोस्। विवेक बुद्धिमा भर पर्नोस्, दुनियाँमा स्वार्थी र अत्याचार गर्ने मानिसहरु धेरै छन्। कडा अनुशासनको तपस्या पछि पनि स्वार्थी नै बाँकी देखिएका मानिसहरुको गल्ती र कुकृत्यले इतिहास भरिएको छ। यस तथ्यलाई बिर्सेर कुनै पनि यात्रा कहिल्यै नथाल्नुस्।

नौटंकी लामो भाषण गर्ने नेताहरुले कहिल्यै पनि जनताको भलो हुने काम गर्दैन। छोटो, मिठो गम्भीर भएर भाषण गर्ने नेताहरुले देशको विकास र जनताको भलो हुने काम गर्छन्। यसकारण अर्कालाई गाली गर्ने, अर्काको मात्र गल्ती देखाउने नेटाहरुको पछि कहिल्यै नलाग्नुस्। भन्ने उखानै छ– काम गर्नेले कुरा जान्दैन, कुरा जान्नेले काम गर्दै गर्दैन। माया ममता कै क्षेत्रमा पनि भावुक नहुनोस्। भावुकतले कुनै पनि समस्याको समाधान हुन सक्दैन। पोषक तत्वको अभावमा ठिङ्गीएको बालकलाई तपाईको माया र चुम्बनले बलियो बनाउँदैन। आफ्नै श्रीमतीलाई पनि उसलाई मन पर्ने खानेकुरा, लगाउने राम्रा-राम्रा लुगा श्रृंगारका सामान नदिइए सहवासको लागि तयार हुँदैन। भावुक महत्वाकांक्षाको घर सांसारिक निर्ममतामा ठोकिन्छन् र त्यतिखेर विद्युतको करेन्टले झड्कादिएको अंग-प्रत्यंग जस्तै रन्थनिएको मन लिएर कुण्ठित जीवन बाँच्न अत्यन्तै नरमाइलो हुन्छ। सित्तै पाउँछ भन्दैमा आँखा चिम्लेर भ्याई नभ्याई नदौडिनुस्। सित्तैमा दिने कुनै पनि कुरा राम्रो मानिँदैन। सित्तैमा दिने साहु महाजनले भित्र-भित्र ठगी गरिरहेको हुन्छ।

दुःखका क्षणहरुमा धैर्य चाहिन्छ। कसैले तपाईलाई धैर्य र सान्त्वना देला भनेर आशा नगर्नोस्। त्यसमा आशा दुःखदायी हुनेछ। त्यसैले भनिन्छ– आशा गर्नु, भर नपर्नु। अरुबाट सहायताको आशा गर्नु नपुंसकता हो। धैर्यको मुहान तपाई आफैभित्र हुनुपर्दछ। अरुको दयनीय अवस्था देखेर मनोरञ्जन गर्नेहरु हाम्रो समाजमा प्रसष्ट छ। जीन्दगीलाई धरापमा पारेर सस्तो मनोरञ्जन नबन्नोस। कुनै पनि कार्यप्रति अर्काको सल्लाह सुझाव माग्ने तर सल्लाह सुझावको कार्यान्वयन कहिल्यै नगर्ने थुप्रै छन यहाँ। त्यस्ता व्यक्ति वा कम्पनीलाई वास्ता नगर्नु नै वेश। कुनै पनि मिडिया विज्ञापन विना संचालन गर्न मुस्किल पर्दछ। विज्ञापन दातालाई सम्मान नगर्ने, सल्लाह सुझाव नसुन्नु मुर्खता हो।

जुत्ताको हिलले घोचेको मर्म घोचिएको खुट्टाले मात्र थाहा पाउन सक्छ भने जुन अनुभुतिलाई कदाचित नविर्सनोस्। आफ्नो दुखित मनोभावनाको प्रदर्शनले कमजोरी र याचनाको रुपमा परिभाषित गरिने गर्छ।

जसले आफ्नो मातृभाषा र पहिचान आफ्ना बालबच्चालाई अर्काको भाषा र पहिचान सिकाइरहेका छन्। यस्ता दुई जिब्रेलाई सामाजिक रुपमा बहिस्कार वा त्यस्ता व्यक्तिको कुरा कहिल्यै नसुनोस्। तपाईंको आँखामा आँसु देखेर यहाँ भोज भतेरको कार्यक्रम रोक्न कोही तयार छैन। जतिसुकै नजिक सम्झेको मित्रबाटपनि त्यतिसाह्रो सहानुभुति पाउने आशा गर्दै नगर्नोस्। धेरै अप्ठ्यारा अवस्थाहरुमा आफन्तहरु विराना हुन्छन्। मित्रहरु अपरिचित जस्ता बन्दछन यो कुरा सत्य हो।

राहत र क्षतिपूर्ति पाउनका लागि सक्कली भूकम्प पीडित भन्दा नक्कली भूकम्पपीडितहरुको भीड वडा कार्यालयमा हरेक दिन देख्न सकिन्छ। यस्ता लाज नभएका लोभी पापी दुई नम्बर काम गरी धनी बनेका दलाल थुप्रै छन् यहाँ।

घरमा बालबच्चा, श्रीमती भोकै राखी आफू दिनभरी तास खेली महंगा-महंगा रक्सीको चुस्की लिंदै सरकारले केही विकास गरेन भन्ने अल्छी, जँड्याहा बाह्रमाशी थुप्रै छन यहाँ। हरेक टोलका पाटीपौवामा देखिन्छ। यो स्थितिलाई तपाई अप्रत्याशित नठान्नोस। यो कुरा कसैलाई मिल्न गएमा क्षमा चाहन्छु कृपया नरिसाउनुस्, यो कुरा कतिको मिल्छ-मिल्दैन कार्यान्वयन गरी प्रतिकृया दिनुस्।

तपाईलाई एक छाक भातको समस्या परेको बेला तपाईंकै दाजुभाइलाई एउटा नयाँ मोटर साइकल वा मोबाईलको समस्या महसुस भएको हुनसक्छ। उसले मोटरसाइकल,मोबाइल किन्न केही दिन रोकेर तपाईको छाक टार्न सापती देला भन्ने आशा कहिल्यै नगर्नोस।

तपाईलाई जीउ ज्यानको खतरा परेको बेला तपाईंकोकुनै युवा मित्रलाई आफ्नी प्रेमिकासँग सिनेमा हेर्न जान चटारो परेको हुनसक्छ। त्यो चटारो छोडेर तपाईलाई मद्दत गर्नतिर तपाईंको समझदार मित्र लाग्दछन् भन्ने आशा पनि नगर्नोस्।

एउटै आमाबुबाले जन्माएका दाजुभाई वर्षौंसम्म बोलचाल बन्द छ, यी दुश्मनहरु विहान-विहान सयौंपटक अरुलाई भगवान शरण भनेर दश औंला जोडेर टाउको निहुरेर नमस्कार गरी भगवानप्रति आस्था राख्छन्। त्यसैले बुद्धिजिबीहरु भन्ने गर्छन्– धर्मको अर्थ नबुझ्नाले धर्म विनाश हुन्छ। यदि भगवानको शरणमा पुग्नु छ भने पहिला दाजुभाइ मिल्नु त्यसपछि सबैलाई समान सम्झनुस्। यी उदाहरणहरु तपाईंलाई अचाक्ली लाग्ला तर आजको यो संसारमा योभन्दा पनि डरलाग्दो रुपमा स्वार्थी र आत्मकेन्द्रित बनेको छ।

आफ्नै काखमा आगोको कोइला नपरेसम्म अर्काको जलन देखेर हत्तपत्त उठ्न कोही तयार छैना। यो भन्दा बेग्लै चरित्रका मानिसहरु भेटिए भने तिनीहरु सामाजिक नमूना हुन भन्ठान्नोस्।

वास्तविकता बुझ्दै र खोतल्दै जाँदा ती नमूनाहरु यथार्थ रहेछन् भने त्यस्ता आदर्श व्यक्तिको सम्मान गर्न सिक्नोस्। तर कुनै पनि विश्वासलाई शंकाले पखालेर मात्र ग्रहण गर्नुहोस्। अन्यथा तपाईले आदर्श सम्झेकाहरु कदाचित धोखेबाज पनि निस्कन सक्छन्। कीर्तिपुर डाँडाभित्र गत बैशाख १२ र २९ गतेको महा भुकम्पले घर भट्काएन तर ९० प्रतिशत घरहरु चर्केर बस्नै नहुने अवस्थाको छ। स्थानीय सरकार विभिन्न नामबाट कर उठाउँछन् अहिले यो विपत्ति परेको बेला किन चुप लाग्छन्? त्यसैले भन्ने गर्छन– सरकारको काम कहिले जाला घाम।

म निर्दोष छु, मलाई कसैले केही गर्न सक्दैन भन्ने निर्धक्क सोचाई नलिनोस्। हाम्रो देशको नियम कानून तथा वैधानिक बनोट र विधाताहरुको मनस्थिति थलो छैन। घोचो प्रायः होचोको मुखमा पर्दछ। ओरालो लागेको मृगको बासै खेद्ने प्रवृति यो समयमा चर्को रुपमा विद्यमान छ भन्ने वास्तविकता नबिर्सनोस्।

यहाँ बोल्न सक्ने र बैक ब्यालेन्स करोडौं भएका व्यक्तिको घर भूकम्पले केही क्षति नभए पनि उसलाई क्षतिपूर्ति र राहतको व्यवस्था छ।

क्रमशः........

# आखिर सहमति पत्रका के छ ?

६) राष्ट्रिय सभाको सदस्य संख्या कुल ४५ कायम हुनेछ। यस मध्ये प्रत्येक प्रदेशबाट समान संख्याका आधारमा ४० सदस्य निर्वाचित हुनेछन्। र बाँकी ५ सदस्य संघीय मन्त्रिपरिषद्को शिफारिसमा राष्ट्रपतिबाट मनोनयन हुनेछन्।

७) देशको शासन सञ्चालन गर्न बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली अबलम्बन गरिनेछ। प्रतिनिधिसभामा एकल बहुमत प्राप्त वा अन्य दलको सम[redacted]प्त दलका नेता कार्य[redacted]को हैसियतमा प्रध[redacted] संवैधानिक राष्[redacted]ष्ट्रपतिको निव[redacted]सद एवम् प्रादे[redacted]सहितको निव[redacted] हुनेछ।

([redacted]णाली र संवैधानि[redacted] एनेकपा माउ[redacted]मत रहेको छ। [redacted]संविधान निम[redacted]घ बढाउने कुरा[redacted]को छ।)

९) नयाँ संविधान घोषणा पश्चात् राष्ट्पति, उपराष्ट्पति, प्रधानमन्त्री,सभामुख र उपसभामुखको निर्वाचन रुपान्तरित व्यवस्थापिका-संसदबाट नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम हुने गरी व्यवस्था गरिनेछ।

१०) नयाँ संविधानको व्यवस्था बमोजिम प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न नभएसम्म रुपान्तरित व्यवस्थापिका-संसदबाट प्रधानमन्त्रीको निर्वाचन, विश्वासको मत, अविश्वासको प्रस्ताव तथा मन्त्रिपरिषद्को गठन सम्बन्धी सबै कार्य नेपालको अन्तरिम संविधान, २०६३ को व्यवस्था बमोजिम हुने गरी व्यवस्था गरिनेछ। राष्ट्पति,उपराष्ट्पति, सभामुख र उपसभामुख विरुद्ध महाभियोग व्यवस्था पनि अन्तरिम संविधान, २०६३ बमोजिम नै हुने गरी व्यवस्था गरिनेछ।

११) स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुरुप नेपालमा स्वतन्त्र,निष्पक्ष र सक्षम न्यायपालिकाको व्यवस्था गरिनेछ।

१२) सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ। संविधानको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतको हुनेछ।

१३) केन्द्र र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह एवम् स्थानीय तहका बीचमा अधिकार क्षेत्रबारे तथा प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभाको निर्वाचन सम्बन्धी विवादमा न्याय निरुपण गर्न एक संवैधानिक अदालत गठन गरिनेछ। यी विषयमा संवैधानिक अदालतको निर्णय अन्तिम हुनेछ। यो अदालत सर्वोच्च अदालतका प्रधान न्यायाधीशको अध्यक्षता र २ जना अन्य वरिष्ठतम् न्यायाधीश तथा २ जना सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका कानून क्षेत्रका विज्ञको सहभागितामा गठन हुनेछ। संवैधानिक अदालतको कार्यावधि नयाँ संविधान प्रारम्भ भएको मितिले १० वर्षसम्म हुनेछ।

१४) न्याय परिषद् गठन संबन्धी व्यवस्था नेपालको अन्तरिम संविधान,२०६३ को व्यवस्था बमोजिम हुनेछ।

१५) संघीयता, शासकीय स्वरुप, निर्वाचन प्रणाली र न्याय प्रणालीका सम्बन्धमा भएको यो मूलभूत सहमतिको भावना अनुरुप संविधान निर्माणको प्रक्रिया अघि बढाइने छ।

स्थानीय निकायको निर्वाचन

१६) जनताको प्रतिनिधित्व र सहभागितालाई सबल तुल्याउनको लागि यथासक्य चाँडो स्थानीय निकायको निर्वाचन गरिनेछ।

# माइक्रोटेक प्रा.लि.ले प्रिफेब घरको अवधारणा ल्यायो






नेपालका ठूलठूला होटेल, अस्पताल एवम् भवन बनाएर ख्याति कमाई सकेका Microtech M& E प्रा.लि. ले भुकम्प पिडितहरुको लागि प्रिफेब घरको नमुना ल्याएको छ।

गत बैशाख २३ गते शनिवार कीर्तिपुरको हिलसाइड होटलमा प्रिफेब घरको नमुना र स्लाइड शो गरेर सो कुराको जानकारी दिइएको थियो।

ई.सुजन श्रेष्ठले स्लाइड शो मार्फत माइक्रोटेकको परिचय दिनु भएको थियो। माइक्रोटेकका प्रवन्ध निर्देशक ई. दुर्कमान महर्जनले स्वागत मन्तव्य दिनेक्रममा गत बैशाख १२ र २९ गतेको महाभूकम्पले आफू जन्मेको घर भत्किएको, बसिरहेको घर चर्केर बस्न नहुने बनाई दिएको र उहाँको आमा ओछ्यानमा परेको बताउँदै भूकम्पले घरबार विहिन भएकालाई सहयोग गर्न कुनै नाफा नलिईकन परल मोलमा प्रिफेब घर निर्माण गरिदिने बताउनु भयो। ई. दिपेश विष्टले स्लाइड स्लो मार्फत प्रिफेब घरको विस्तृत विवरण दिनु भएको थियो। सो कार्यक्रममा प्रिफेब घरको साईज अनुसार मोल पनि निर्धारण गरिएको थियो। तीन किसिमको घरहरु लाईट, मिडियम, हेभीको अलग अलग मुल्य राखिएको छ।

३२ स्क्वायर मिटरको लाइटघरको रु.३३५,०००। जसमा २ वटा कोठाहरु, ट्वाइलेट, किचेन र बैठक कोठा हुन्छ, ४२ स्क्वायर मिटरको रु.४२५,०००। जसमा ३ वटा बेडरुम, किचेन र बैठक कोठाको साथै ट्वाईलेट रहने छ। यस्तै किसिमले ४ प्रकारको घर निर्माणको प्रस्ताव पेश गरिएको छ। जुन घर ६ जना मजदुरले २ देखि ३ दिनमा तयार गर्न सकिने छ।

हल खचाखच भरिएको थियो। बहुसंख्यक इन्जिनियर र नगरपालिकाका प्रतिनिधि हरुको उपस्थिति रहेको उक्त कार्यक्रममा सहभागिहरुले उठाएका जिज्ञासाहरुको जवाफ प्रबन्ध निर्देशक ई. दुर्कमान महर्जन र ई.दिपेश विष्टले दिनु भएको थियो। उहाँहरुको जवाफबाट आश्वस्त हुनुभएका १५ जना सहभागिहरुले १५ वटा घरको लागि बुकिंग समेत गरिएको थियो।


## सम्पर्क राख्नु होला

खासी बजारस्थित पुरानो घर भत्काएको माटो चाहिएमा तुरुन्त सम्पर्क राख्नुहोला। निशुल्क दिइने छ।

**सम्पर्कको लागि :**

**फोन नं.९८४१६५९५८९**


## शैक्षिक प्रमाणपत्र हराएको सूचना

२०७२/०१/२७ का दिन शैक्षिक तालिम केन्द्र त्रिपुरेश्वर काठमाडौंबाट मेरो नागरिकता, एस.एल.सी.को मार्कसिट, चारित्रिक, स्थानान्तरण प्रमाणपत्र, बी.एड., एम.एड को ट्रान्स्क्रीप्टहरु, चारित्रिक र स्थानान्तरण प्रमाणपत्रहरु, टि.यू. रेजिष्ट्रेशन कार्ड, मा.वि., नि.मा.वि.को स्थायी अध्यापन अनुमतीपत्र लगायत अन्य महत्वपूर्ण सक्कल कागजपत्रहरु Clear Bag सहित हराएकोले फेला पार्नुहुने महानुभावहरुले तल उल्लेखित नम्बरमा तू. खबर गरिदिनु भएमा उचित पुरस्कार प्रदान गरिनेछ।

**नामः जलान्धर प्रसाद यादव**

सम्पर्क नम्बर : ९८४५२३०१०२,
९८४५०९४७५७

# महाभूकम्पमा ओनस नेपालको सक्रियता



दुईवर्ष पहिले स्थापना भएको गैरसरकारी समाजसेवी संस्था ओनस नेपालले स्थापनाकालदेखि नै विभिन्न सामाजिक काम गर्दै आइरहेको थियो। गत बैशाख १२ गते र २९ गते आएको महाभूकम्पमा पनि ओनस नेपालले भूकम्पको प्रभावमा परेका विभिन्न क्षेत्रका परिवारजनहरुलाई विभिन्न तवरले सहयोग प्रदान गरिएको छ। भूकम्पको प्रभाव स्वरुप की.न.पा. भित्रका विभिन्न क्षेत्रहरुमा ठूलो जनधनको क्षति भएको छ। क्षति व्यहोर्नु परेका थुप्रै व्यक्तिहरुमध्ये अधिकांश व्यक्तिहरुले आफ्नो शरीरमा भएको एक सरो लुगाबाहेक दैनिक उपभोग गर्नका निम्ति आवश्यक कुनै बस्तु निकाल्न असक्षम भएको देखिन्छ। परिणाम स्वरुप प्रभावित व्यक्तिहरु आफ्नो दैनिक सरसफाईलाई पनि ध्यान नदिई खुल्ला आकाशमुनि चौरमा बास बस्न बाध्य भएका छन्। यिनै कुरालाई मध्यनजर गर्दै व्यक्तिगत स्वास्थ्य र वातावरणलाई ध्यानमा राखी आवश्यकता अनुसार ओनस नेपालले कीर्तिपुरका विभिन्न वडाहरुमा (७, ८, ९, १०, ११, १५) हाइजिङ्ग प्याकेट प्रदान गरेको छ। ओनस नेपालले क्षतिग्रस्त घरको एक परिवारलाई एक हाइजिङ्ग प्याकेट प्रदान गरेको छ भने वातावरणीय स्वच्छतालाई ध्यानमा राखी फिनेल पनि प्रदान गरेको छ। यस कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न हालै विदेशमा बस्दै आएका कीर्तिपुरका स्थानिय बासिन्दा सबिना महर्जन, रोना महर्जन, स्रिता महर्जन विदेशमै रहँदै आएका अन्य साथीहरु द्वारा सहयोग प्रदान गरिएको छ। साथसाथै नेपाल रेडक्रस सोसाइटीद्धारा प्राप्त केही पालहरु आवश्यकता अनुसार ठाउँठाउँमा उपलब्ध गराएको छ। त्यसै गरी महाभुकम्पमा परि डर र त्रासमा बसेका विभिन्न वडाका बालबालिकाहरुको मनो सामाजिक व्यवहारलाई ध्यानमा राखी कीर्तिपुरका ७, १३, र १४ वडामा बालमैत्रीकार्यक्रम संचालन गरी बाल(बालिकालाई केही हद सम्म पिडाबाट बाहिर निकाल्ने कार्य पनि ओनस नेपालबाट भएको छ।

की.न.पा. भित्र स्वयंसेवा गर्न युवावर्ग नै अग्रसर हुने हुँदा युवावर्गलाई मनोसाजिकपक्षमा सबल बनाई समाजका अन्य प्रभावित र आवश्यक व्यक्तिहरुलाई परामर्श दिन योग्य बनाउने हेतुका साथ ओनस नेपालले मनोसामाजिक प्राथमिक उपचार तालिम पनि संचालन गरेको छ। साथसाथै ठूलो भूकम्पलाई अन्य पराकम्पनले पछ्याउदै गरेको र मानिसहरुमा डर हट्न नपाएको अवस्थामा मानिसहरुको मनस्थितिलाई बुझि ओनस नेपालले हालै मङगल उच्च मा.वि.को प्राङ्गणमा विहान ६:३० बजेदेखि ८:०० बजेसम्म ध्यान र योगका कक्षाहरु संचालन गर्दै आएको बताउदै प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउँदै आएका सहयोगी हातहरुप्रति ओनस नेपालका अध्यक्ष रिडि भन्सारीले कृतज्ञता व्यक्त गर्नुभएको छ।

## हैन त..... .............निरज




यो मेसेज पठाउने पैसाले राहत दिए हुन्थियो नि....फेरी राहत दिनु पनि कसरी सरकार फुटबल खेल्दैमा ठिक्क छ।

खेल जगत

# बार्सिलोनाको सफलतम सिजन



–नविन महर्जन–

स्पेनिस क्लब बार्सिलोना फुटवलमा निकै चर्चित टिम हो। यस सिजनमा यस क्लबले निकै सफलता हात पारेको छ। स्पेनिस लिग लालिगा, स्पेनिस कपको साथै गत शनिवार राती मात्र सम्पन्न युरोपेली च्याम्पियन्स लिग समेत हात पारेको छ। तसर्थ बार्सिलोनाको लागि यो सिजन निकै सफलतम सिजनको रुपमा रहेको छ।

चर्चित तीन स्ट्राइकर अर्जेन्टिनाका लियोनल मेसी, ब्राजिलका नेयमार र उरुग्वेली लुइस स्वारेजको खेल समन्व एवं सम्पूर्ण खेलाडीहरुको टिम वर्कले गर्दा एकै सिजनमा महत्वपूर्ण उपाधिहरु हात पार्न सफल भई युरोपको नम्बर १ क्लब टिम बन्न सफल भएको छ। युरोपेली च्याम्पियन्स लिगको फाइनल खेलमा वार्सिलोनाल इटालीको चर्चित टिम युभेन्ट्सलाई हराउँदै च्याम्पियन भएको हो।

त्यसैगरी लालिगामा स्पेनका अर्को चर्चित क्लब रियल म्याड्रिड जुन गत वर्षको युरोपेली च्याम्पियन्स लिगको विजेतालाई पछि पार्दै लिग तालिकामा अग्रस्थानमा पुगेका थिए।

यस युरोपेली च्याम्पियन्स लिग अन्तर्गत अन्तिम १६ टिमको छिनोफानो हुँदा कुन टिमले बाजि मार्छ भनेर अडकल गर्न निकै कठीन थियो। गत मंसीरको २९ गते सोमबार फुटवल महासंघ (युईएफए) को मुख्यालय लियोनमा उक्त ड्र कार्यक्रममा यस सिजनको च्याम्पियन वार्सिलोना विरुद्ध इङ्गल्याण्डको चर्चित टिम म्यानचेस्टर सिटीसँग भएको थियो। त्यस खेलदेखि लगातार जित हासिल गर्दै फाइनल खेलमा युभेन्ट्स लाई हराउँदै उपाधिमाथि कब्जा जमाएको थियो। उक्त ड्रमा चेल्सी विरुद्ध पीएसजी, डिफेन्डिङ्ग च्याम्पियन रियल म्याड्रिड विरुद्ध जर्मनीको साल्वा, गत सिजनको उपविजेत एट्लेटिको म्याड्रिड विरुद्ध वायरलेभर कुजन, आर्सनल विरुद्ध मोनाको, उपविजेतामा चित्त बुझाउनु परेको युभेन्ट्स विरुद्ध वार्सियाडटेमेन्टको, जर्मन क्लब वायर्न म्यूनिक विरुद्ध साख्तर डोनेस्कको र स्विस टिम वासेल विरुद्ध पोर्चुगली क्लब पार्टोको खेल हुने छिनोफानो भएको थियो।

यस १६ टिम बीचको खेलमा उत्कृष्ट हुँदै वार्सिलोना युभेन्ट्स, रियल म्याड्रिड र वायर्न म्यूनिक सेमिफाइनलमा पुगेका थिए। सेमिफाइनलमा बार्सिलोनाले वायर्न म्यूनिक तथा युभेन्ट्सले रियललाई पराजित गर्दै फाइनल समिकरण पूरा भएको थियो। जस्मा वार्सिलोनाले बाजि मार्दै यस सिजनको प्रमुख उपाधिमाथि ह्याट्रिक गर्न सफल भउको थियो।

गत बैशाख १२ गते भएको महाभूकम्पको कारण सो महाभूकम्प पिडितहरुको सहयोगार्थ गत जेठ २३ गते शनिवार हलचोकको फुटवल मैदानमा नेताहरुको टिम र कलाकारहरुको टिम बीच मैत्रीपूर्ण फुटवल प्रतियोगिता सम्पन्न भएको थियो। उक्त मैत्रीपूर्ण फुटवल प्रतियोगिताको नेता तर्फको क्याप्टेन प्रधान मन्त्री सुशील कोइरालाले गर्नु भएको थियो भने कलाकारहरुको नेतृत्व महजोडीले गरेको थियो। सो खेलको उद्घाटन राष्ट्रपति रामवरण यादवले अफिसियल र क्याप्टेनलाई वल हस्तान्तरण गरी गरेको थियो। निकै सौहार्द पूर्ण वातावरणमा भएको यस खेलमा कलालाकार टिम ३-० गोलले विजयी भएको थियो। वास्तवमा यो मैत्रीपूर्ण खेलमा हार जितभन्दा पनि सकारात्मक सोचको लागि हातेमालो गरौं भन्ने मूल मर्मलाई आत्मसात गर्न नयाँ पत्रिकाले आयोजना गरेको थियो।

# नयाँबजार महिला समूहको रक्तदान कार्यक्रम






यसपालिको महाभुकम्प आएका कारण विभिन्न कार्यक्रम गरि पीडितहरुलाई सामाजिक संघ संस्थाहरुले सहयोग गर्दै आएको छ।

यसै बीच विभिन्न संघ संस्थाहरुले भुकम्प पीडितहरुका लागि रक्तदान कार्यक्रम पनि सहयोग गर्दै आएको छ।

यसै बीच भूकम्प पिडितहरुको जीवन रक्षाको लागि नयाँबजार महिला समूह कीर्तिपुर ले गत आइतवार रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो।

बिना प्रचारबाजी छोटो समयमा आयोजना गरिएको भए पनि उक्त रक्तदान कार्यक्रममा पुरुष ४२ जना र महिला १५ जनाले रक्तदान गरिएका थिए।

८७ जनाको सहभागिता रहेको भए पनि विभिन्न कारणले ३० जनाले चाहेर पनि रक्तदान गर्न पाइएन। उक्त दिन रक्तदान गर्नेहरुमा धेरै जसो नयाँ रक्तदाताको सहभागिता रहेको सहयोगी ज्ञानुराजा महर्जनले बताउनुभयो।

# नेपाः ग्रेशनले विश्ववातावरण दिवस मनायो



हरेक वर्षको जुन ५ तारिखका दिन विश्व वातावरण दिवस मनाउने गर्छ। नेपालमा पनि पहिले त गाउँ गाउँमा धुमधामले विश्व वातावरण दिवस मनाउने गरिन्थ्यो। तर यसपाली गत बैशाख १२ गते आएको विनाशकारी महाभूकम्पले गर्दा खासै त्यति चहलपहल देखिएन।

तैपनि कीर्तिपुरको ल्भउब न्थचबतष्यल ले ललितपुरको ऋयभगलष्तथ ऋजषमचभल ब्चत क्अजयर्या संग मिलेर संयुक्त रुपमा की.न.पा. १६ नगाउँमा चित्रकला तथा हस्तकलाको कार्यशाला आयोजना गरी मनाइयो। उक्त कार्यशालामा ५० जना बालबालिकाको उपस्थिति रहेको थियो।

# हार्दिक श्रद्धाञ्जली

जन्मः वि.सं. २०००

निधनः वि.सं. २०७२/०२/२१



**स्व. पञ्च महर्जन**

नेपाली कांग्रेस कीर्तिपुर नगरसमितिका सभापति श्री कृष्णमान डंगोलका पुज्यनीय पिता गःछैं लखुतँचा निवासी **पञ्च महर्जन**को गत जेठ २१ गते ७२ वर्षको उमेरमा असामयिक निधन भएको आज ७ औं दिनको पुण्यतिथीमा उहाँको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवार जनले धैर्य धारण गर्न सकोस भनी समवेदना व्यक्त गर्दछौं।

**रेणुलाल महर्जन**

**सभापति**

**नेपाली कांग्रेस कीर्तिपुर वडा नं.१७ ईकाई समिति**

**परिवार र सम्पूर्ण क्रियाशील सदस्यहरु**

# भूकम्पको सेरोफेरोमा

## राजेश महर्जन भूकम्पको जागरण गीत रिकर्डिंगतिर


बेष्ट न्यु ट्यालेन्ट पेजथ्री म्यूजिक अवार्डका साथ संगीतकार/गायक राजेश महर्जनका साथ गायक सुविन श्रेष्ठ र गीतकार ललेन्द्र शाक्य

–उशाल–

देशका जनताहरु अहिले सम्म पनि त्रसित छन् फेरि भुकम्प आउँछ कि भनेर । भुकम्प पीडितहरुको त कुरै नगरौं, हामी समस्त देशबासी लाई थाहा छ ती भुकम्प पीडित हरु महासंकटको जीवन गुजारा गरिरहेका छन् । ती भुकम्प पीडितहरुको सेवा र सहयोग गरौं भन्ने भावनाका साथ कीर्तिपुरका तीन संगीतप्रेमीहरु ललेन्द्र शाक्य, राजेश महर्जन र सुविन श्रेष्ठ मिलेर भुकम्पको गीत सार्वजनिक गर्ने तयारी भइरहेको छ ।

ललेन्द्र शाक्यको गीत रचनामा राजेश महर्जनको संगीतमा तयार भइरहेको उक्त भुकम्पको गीतमा सुविन श्रेष्ठ, राजेश महर्जन, रत्नशोभा महर्जन र स्वस्ती महर्जनको स्वर रहने र संगीत संयोजन नगाउँ कीर्तिपुरका सन्तोष महर्जनले गर्नुभएको जानकारी संगीतकार राजेश महर्जनले दिनुभएको छ । BEST NEW TALENT PAGE THREE MUSIC AWARD 1134 पुरस्कार पनि जितिसक्नु भएका संगीतकार गायक राजेश महर्जनले कीर्तिपुर महोत्सवको समयमा ललेन्द्र शाक्यको रचनामैं सुविन श्रेष्ठ, रत्नशोभा महर्जन, शान्ति नेपाली र स्वयं राजेश महर्जनको स्वर रहेको कीर्तिपुरको ऐतिहासिक गीत "झीगु थःगु तजिलजि दु, झीगु मौलिक म्हसीका दु, थ्व देय्या किपुमि झी, थःगु हे इतिहास दु…" बोलको नेपालभाषाको गीत र म्यूजिक भिडियो सार्वजनिक गरि सक्नु भयो । अहिले भुकम्पको यो समयमा पनि उहाँले नेपालभाषाकै "दँ रे दँ नेपाःमि दँ, छ जि मधाःसे झी जुया दँ, मानव धर्म खः, मानव जुया मानवता ब्वयेत दँ…" बोलको भुकम्प गीत सार्वजनिक गर्दै हुनुहुन्छ ।

यस भुकम्पको गीत बारे रचनाकार ललेन्द्र शाक्य भन्नुहुन्छ, "भुकम्पबाट अधिकांश सम्पदा ध्वस्त भएको छ । नेवार समुदायको बस्ती ध्वस्त भएको छ । ती सम्पदा र बस्ती फेरि पुनः निर्माण नगर्ने हो भने भोलि नेवाः सम्पदा र जाति बिलिन हुनेछ । त्यसैले अहिले नै सोचौं भन्ने भावना छ यो गीतमा । साथै अहिले भुकम्प पीडितहरुलाई निःस्वार्थ भै सेवा र सहयोग गरौं । ठूलो धर्म भनेको मानव सेवा गर्नु हो, त्यसैले मानवताको नाताले सेवा र सहयोग गर्न उठौं र जुटौं भन्ने भावना छ यो गीतमा ।"

कीर्तिपुर नगरपालिका १ वडा थांबहाः टोलका राजेश महर्जनले "थ्व नुगः" नामक नेपालभाषाको एकल एल्बम बजारमा ल्याइसक्नु भयो भने उक्त एल्बमकै गीत "तुयुगु ख्वालय् ह्याउँगु सिन्ह रे, मय्जुया ख्वाः गुलि बाँलाः रे" गीतबाट BEST NEW TALENT PAGE THREE MUSIC AWARD 1134 जित्नु भएको हो ।

अहिले पनि अर्को एल्बम निकाल्ने तयारीमा हुनुहुन्छ राजेश महर्जन । यस विषयमा उहाँ भन्नु हुन्छ, "सम्पूर्ण गीत रिकर्डिङ्ग सकियो १ वर्ष पहिले नै । भिडियो एल्बम निकाल्ने सोंच थियो, लागत धेरै लाग्दो रहेछ । त्यसैले अहिले अडियो एल्बम मात्र निकाल्ने जमर्को गर्दैछु । तर गीति एल्बमभन्दा पहिले यो दुखःद घडीमा एक भुकम्पको गीत सार्वजनिक गरौं । त्यसपछि एल्बमको विचार गरौंला ।"

गायक संगीतकार राजेश महर्जनले नेपालभाषाको गीत एवं म्यूजिक भिडियो निकाल्न आर्थिक दृष्टिकोणले गाऱ्हो भएको सन्दर्भ अगाडि राख्नु हुँदै भन्नुभयो, "वास्तवमा अहिले हामीले भुकम्पको गीत सार्वजनिक गर्दैछौं । गाऱ्हो छ, गीत रिकर्डिङ्गमा १० हजारभन्दा बढी खर्च हुनेछ भने भिज्युअल भिडियोमा करिब ५० औं हजार खर्च हुनेछ । हामीसंग त्यति पैसा खर्च गर्ने बिकल्पै छैन । तर पनि कोशिस जारी छ ।"

जे होस्, देश र जनता रोएको बेला सान्त्वना स्वरुप भुकम्पको गीत संगीत निकाल्नु पनि सांगितिक क्षेत्रबाट गरेको एक ठुलै राहत मान्नु पर्छ । हेरौं र सुनौं उक्त भुकम्पको गीत सार्वजनिक भइसके पछि कस्तो हुनेछ मुल्यांकन गरौंला, हामी प्रतिक्षा गरौं ।

## राष्ट्रिय सरकार



**कवि राम महर्जन**
**नगाउँ, किनपा-१६**

भुकम्पीय सहयोगार्थ प्राप्त सहयोगमा
दादु पन्यू हातमा भएकाहरुले नै
महादेवले नै तिन नेत्र बनाई
पिडीत जनताहरुमाथि अन्याय नहोस्

भुकम्पले लागेको घाउमाथि
झन नुन खोर्सानीको धुलो छर्के सरी
सत्ताको शक्ति दुरुपयोग गरी
आफ्नै शरीरमा बोसो बढाउनेहरु लाई के भन्ने ?

सरकारले पत्याएका प्रत्येक तह र तप्काले
भित्री हृदयदेखि सेवाभाव जगाई
दुर्गम जिल्लाका पिडितहरुलाई समेत
राहत र पुनर्वासको व्यवस्था गरौं

प्रकृति प्रकोप पिडितहरुलाई उद्धार गरौं
मानविय कर्तव्य पुरा गरौं
तेरो मेरो नभनी चिर अपरिचित सबैलाई
सफा मनले सहयोग गरौं

गाउँ शकर पाखा पर्वत र मधेश मिलि
बनेको यो सुन्दर शान्त मुलुकमा
एकसय पच्चिस जात जाति बसोबास देश
गरिब भए पनि स्वाभिमानमा रहेको देश

अब जनताहरु बलियो बनाउने उद्देश्य राखी
राष्ट्रिय सरकार बनाऔं कुनै दलगत भाव नराखी
१० वर्षसम्म सुशासनको राज्य खडा गरौं
तब जनताहरु सक्षम होला प्रकोप संग सामना गर्न
जय मातृभुमी

## आदिवासी जनजातिहरुले ८ प्रदेश अस्वीकार गर्ने



मुख्य दलहरु संघीयताका बारेमा भएको सहमतिलाई आदिवासी जनजातिहरुले असहमति जनाएका छन् ।

४ दलवीच सहमति हुनु भन्दा अगाडी सोमवार आदिवासी जनजाति राष्ट्रिय आन्दोलन, नेपालका प्रवक्ता डा. ओम गुरुङद्वारा विज्ञप्ति जारी गरी 'बहुपहिचानसहितको ६ वा पहिचानबिनाको ८ प्रदेश कुनै पनि अवस्थामा स्वीकार नगर्ने' बताइएको छ ।

विज्ञप्तिमा 'नेपाली जनताको ध्यान एकातिर केन्द्रित भएको मौका छोपी' यस्तो प्रदेश निर्माण गर्न खोजिएको आरोप लगाइएको छ ।

'नेपालका आदिवासी जनजाति, मधेसी, मुस्लिम तथा अन्य पहिचानवादी समुदाय र राजनीतिक शक्तिहरुले अहिलेसम्म स्वीकार नगरेको बहुपहिचानसहितको ६ वा पहिचानबिनाको ८ प्रदेशसहितको संविधान बनाउने अन्तिम सहमतिमा पुग्न लागेका छन् ।' विज्ञप्तिमा भनिएको छ, 'तर, ४ राजनीतिक दलबीच हुन गइरहेको सहमतिअनुसारको बहुपहिचानसहितको ६ वा पहिचानबिनाको ८ प्रदेश कुनै पनि अवस्थामा स्वीकार्य नगर्ने भनी २०७२ जेठ २४ गते बसेको आदिवासी जनजाति राष्ट्रिय आन्दोलन, नेपालको निर्देशक समिति र सचिवालयको बैठकले निर्णय गरेकोले उक्त निर्णय यसै प्रेस वक्तव्यमार्फत् सार्वजनिक गर्न चाहन्छौं ।'

'सरकारले भुकम्प पीडितहरुको लागि वितरण गरिने पहिलो चरणको राहत कार्यक्रम समाप्त भएको घोषणा गरे' पनि 'आदिवासी जनजाति, दलित, महिला तथा दुर्गम क्षेत्रका गरिब जनताहरुले अझैसम्म उचित राहत पाउन नसकोप्रति पनि ध्यानाकर्षण गराइएको छ ।

त्यस्तै राहत वितरणमा व्यापक भ्रष्टाचार र अनिमियतता गर्नेहरुलाई कार्वाही गर्न पनि सरकारलाई आग्रह गरिएको छ ।

## सङ्घीय समाजवादी पार्टी, नेपालको श्रमदान



सङ्घीय समाजवादी पार्टी नेवाः प्रदेशको संयोजन र ब्यवस्थापनमा "सङ्घीय स्वयंसेवक दस्ता" ले बिनासकारी भुकम्पले ध्वस्त बनाएको त्रीपुरा सुन्दरी मन्दिर त्रिपुरेश्वरको भग्नावशेष हटाइ मन्दिर परिसरको सफा गर्ने कार्यको उद्घाटन पार्टी अध्यक्ष अशोककुमार राई र समापन कार्य महासचिव द्वय राजेन्द्र श्रेष्ठ साथै खस समावेसी राष्ट्रिय पार्टीका परशुराम बस्नेतले गर्नु भयो । उक्त कार्यक्रममा के.लेखा समिती सभापति सुशीला श्रेष्ठ, सचिव होरिलाल चौधरी,नेवाः प्रदेश इन्चार्ज स्थायी समिती सदस्य के. बि.घःजू, विधार्थी इन्चार्ज स्थायी समिती सदस्य रमेश राई, के.स.हरु बाबुराम भूसाल, सानुराजा शाक्य, पुर्ण बहादुर बस्नेत, शाक्य सुरेन, नेवाः प्रदेश अध्यक्ष के.स. न्हुछेलाल महर्जन, मुख्य सचिव परिवर्तन भट्टराई, लगायत काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेका अध्यक्षहरु र पार्टी तथा जन वर्गीय संगठनका सयौं नेताकार्यकर्ताहरुले श्रमदान गरेको जानकारी प्राप्त भएकोछ।

चिनाखँ/कविता

# जिगु देय्

नाति महर्जन (नाति पाकः)
द्यःचपा, पाँगा

जिगु देय् लुमं
जित यक्को लुमं
भति भति जक मखु
अतिकँ हे लुमं
जिगु नुगः ख्वल
देय् लुमना वल
न्ह्याक कमाई दसाँ
विदेशी जा नये मयल
थःगु देसय् हे बरु
न्हाकं कें नयेमाःसां थजु
देस सेवा याये जिं
प्राण फतले थःगु
जिगु देय् यात हे खः
न्हापा अमराबति धाइगु
जिगु देसय् हे खः
विश्वय् न्हापां सुर्च लुइगु
जिगु देय्या बुँई
हिरामोती सइगु
जिगु देय्या गुँई
जडीबुडि बुइगु
जिगु देसय् हे खः
लालीगुराँस होइगु
जिगु देसय् हे खः
दाँफे मुनाल प्याखँ हइगु
जिगु देय्या खुसि
शालीग्राम जागु
जिगु देसय् हे खः
तःजागु हिमाल दुगु
जिगु देसला धाथें
कलाकृति जाःगु
जिगु देसय् हे खः
सगरमाथा दुगु
जिगु देसय् थौं
तःधंगु विपति वल
जिमि दाजु किजापिन्त
तसकं दुःख जुल
इमित लाःगु दुःख
जिगु नुगलय् नं लात
जिपिं लिहाँ वये तेना
परदेशी जुइ गत
दुःखमन याये छता मते
धैर्य याना च्वं छिमिसं
दैविप्रकोप वल छु याये
सहयाये माल मांबापिन्सं
छिमि काय् म्ह्याय्पिं
छिपिं नाप च्वनेत
वये त्यनागु दु
छिपिं नाप सी म्वायेत
धन्दा कायमते छिमिसं
न्ह्यन धकाः नं ख्वयेमते
भीगु भाग्य च्वयातःथें जुइगु
छिमिसं त्वमंके मते
दैवं थुगुसी दुःख बिल
लिपा सुख नं बि हे तिनि
तिमिला पा पा खीमला पापा
सुख दुःख ला वया हे च्वनि

# जिपिं मग्याः



रामकृष्ण दुवाः
पाँगा, भुजिन्द

व तःभुखाय् जिथाय् वयाः खुसुक्क थय् धयाः वन
छ म्हंफुला धकाः न्यना: व सुंक हे लिहाँ वन
वहे इलय् छलू स्वयाः जि मेगु लू पियाः च्वना
व नृत्य ताण्डवय् हुला विभत्सता ब्वयाः वन
मसान थें सुसां दनाः कँहागुथें चिाय् थनाः
गद्यां गुदुं थरःकुरः महा विशाल ख्वाः ब्वयाः वन
व रौद्र रुप ख्वाय कयाः थ्व सम्पदाय् म्हिता वन
व आजुतयुगु शीप शैली सिर्जना सुका वन
महान शिला साधना छु वैं कि थौं लिहाँ थन
सुनाः व स्यू लँ हयुगु ग्व गनं व वैगु थौं गनं
थ्व हे विडम्बना न्ययाः थ्व बेदना ब्वयाः च्वना
अहो ! गजागु ध्वंस थौं हनाः च्वनाः नुगः चिनाः
नं जः गनं पिलिक्क छुं मखं गनं दनाः स्वयां
नं सुं खिचा महाः गनं न्यनाः च्वनाः जि ख्वाय् जुया
छ वयूमते लिसाः कयाः थ्व हयूमते विभत्सता
अपायूजि धंगु आजुतयुगु छाय थुनागु सम्पदा
जिपिं मग्याः जिपिं मग्याः मग्याःगु नं व ज्यान खः
व ज्यन घय्पुना जुयाः छु दैगु भीत मान स्व
किचिक्क छुं जुयाः वनी लुफीं ध्वयाः सिनावनी
छु प्राण धैगु थः बसय् तयागु थें च्वनाः च्वनी




# केटाकेटीहरुको पेट दुख्ने

डा.तुल्सी नारायण श्रेष्ठ

हुनत पेट दुख्ने केटाकेटीहरुलाई मात्र होइन, सबैलाई दुख्छ। तापनि वयस्कहरुलाई पेट दुख्ने र केटाकेटीहरुलाई दुख्ने पेटको कारण अलि अलि फरक हुन्छन्।

केटाकेटीहरु भन्नाले नेपाली समाजमा जन्मेदेखि बाऱ्ह वर्षासम्मकोलाई लिइन्छ भने अर्न्तराष्ट्रिय मान्यता अनुसार पन्ध्रसम्मकोलाई केटाकेटी मानिन्छ। केटाकेटीहरुलाई समय समयमा पेट दुख्ने सामान्य मानिन्छ। कहिलेकाहीं आफै पनि सन्चो भएर जान्छ भने कहिलेकाहीं औषधि उपचार गर्नु पर्ने पनि हुनसक्छ।

यसरी समय समयमा दुख्ने पेटले केटाकेटीहरुको स्कुलै छुट्ने, पढाई बिग्रने,स्कुलबाट पेट दुखाएर घर फर्कने आदि हुन्छ। यसरी पटक पटक पेट दुखाई रहृयो भने अभिभावकहरुलाई चिन्ता हुन्छ, पढाई बिग्रन्छ। घरमा समस्या हुन्छ, तनाव हुन्छ अनि दैनिक कार्यमा पनि वाधा उत्पन्न हुन्छ।

पेट दुख्ने कारणहरु धेरै हुन्छन्। पेटभित्र र हेका धेरै अङ्ग प्रत्येङ्गहरुको पेट दुख्छ। ती अङ्ग प्रत्येङ्हरुमा पर्ने प्रभावले पेट दुख्छ। पहिले पहिले न आजकल जस्तो रोग निदान गर्ने धेरै साधनहरु थिएन। त्यसबेला त डाक्टरहरुले मान्छेको पेटलाई "म्याजिक बक्स" भन्ने गरिन्थ्यो। पेट दुख्यो कि निदान गर्न गाह्रो हुन्थ्यो। डाक्टरहरुको अनुभव, चिन्ह र लक्षणहरुको आधारमा रोग निदान गर्नु पर्थ्यो। त्यतिमात्र होइन फेरि मानिसहरुको पेट दुख्ने कारण पेटको कार णले मात्र नभै पेट बाहिरका कारणहरुले पनि दुख्न सक्छ। जस्तै छातीको रोग, मलमुत्रका रोग, टाईफाईड, क्यान्सर वा अन्य कारणहरुले पनि पेट दुख्न सक्छ। यसरी पेटभित्रको कारणले होइन बाहिरी कारणले दुख्ने पेटलाई डाक्टरहरु रेफरल पेन (Referal Pain) भन्छन्। साथसाथै केटाकेटीहरुले कहिलेकाहीं आफूले भनेको जस्तो भएन, आफ्नो चित्त बुझेन भने पनि पेट दुखाउँछ। उनीहरुलाई तनाव भयो भने पनि पेट दुखाउँछ। स्कूल जान मन लागेन, स्कुलमा केही कारणले जाने मन भएन भने पेट दुखाउँछ। यसरी दुख्ने पेटलाई साइकोलोजिकल पेन (Psycological pain) भनिन्छ। त्यसपछि रोग लागेर जस्तै झाडा भयो, बान्ता भयो,आऊभयो कलेजोको रोग लाग्यो ग्यास्टिक भयो, स्प्लीन (Spleen) मा रोग लाग्यो जुका पऱ्यो आदि इत्यादिको कारणले पनि पेट दुख्छ। यसरी रोग लागेर दुखेको पेटको भने समयमै उपचार गर्नुपर्छ। अबेर गर्नु हुँदैन।

**क) कलेजोको रोगः** (Hepatites)– हेपाटाइटिसलाई नेपालीमा कमलपित्त भनिन्छ। यो कलेजोको खराबीले लाग्ने रोग हो। यसमा पनि पेट दुख्छ। छात्ती दुख्छ दायाँतिर। पेट पनि दायाँ कोखा मुनि, करंग मुनि दुख्छ।

कहिले विस्तारै दुखिरहन्छ भने कहिले सहनै नसक्ने गरी दुख्छ। यसरी पेट दुख्नुभन्दा एक दुई दिन अगाडि देखि केटाकेटीहरुले खाना खान छोड्छ, अल्छि गर्न थाल्छ, वाक वाक गर्छ, वान्ता गर्छ। अनि विस्तारै पिसाव पहेंलो, रातो भएर आउँछ।

त्यसपछि आँखा पहेंलो हुन्छ, छाला पहेंलो हुन्छ, नङग पहेंलो हुन्छ अर्थात् जन्डिस देखा पर्छ, जन्डिस हुन्छ। ज्वर आउँछ। छाला चिलाउँछ। झन झन कमजोर हुँदै जान्छ। विस्तारामा थला पर्छ।

जन्डिस धेरै प्रकारको हुन्छ। तर खास गरी केटाकेटीहरुलाई हुने जन्डिस चाहीं विषाणु (Virus) कोकारणले हुन्छ। जसमा डर मान्नु पर्दैन। आत्तिनु पर्दैन। औषधि पनि त्यति गर्नु पर्दैन।आफै सन्चो हुने रोग हो। तर मुखचाहीं बार्नु पर्छ।

कलेजो बिग्रने खाने कुरा खानु हुँदैन। माछा मासु सके नखाए राम्रो, खाए पनि थोरै खानुपर्छ। जाँड, रक्सी लागू पदार्थ छुनु पनि हुँदैन। सामान्य खाना खान सकिन्छ। काँक्रो, मेवा, उखु स्याउ आदि फलफूलहरु खुवाउनु पर्छ। अलि हुनुपर्छ। जन्डिस पखाल्ने यिनै दिशा पिशाबबाट हुन। तर जन्डिस कुन प्रकारको हो र जन्डिस कति छ थाहा पाउन एक पल्ट डाक्टर जचाउनु पर्छ। अरु कारणले भएको छ भने सो को पनि उपचार गर्नु पर्छ। प्रायः नेपाली समाजमा जन्डिस लागेपछि डाक्टरको औषधि गर्नुभन्दा बैद्यको औषधि गर्न मनपराउनेहरु धेरै देखिन्छ। ठिक छ औषधि उपचार इच्छा अनुसार गर्नुस। डाक्टरले जन्डिसको उपचार गर्न नजान्ने अवश्य पनि होइन। तर यदि ससानो दुधे बालकहरुलाई जन्डिस हुँदा वैद्यहरुले आमालाई औषधि खुवाएर बच्चाको जन्डिस निको हुन्छ भनि आमालाई औषधि खान भन्यो भने नपत्याउनुस्। आमालाई औषधि खुवाएर कुनै पनि बच्चाको रोग सन्चो हुँदैन।ी जन्डिस आफै सन्चो हुने भएकोले यसरी आमालाई औषधि खुवाएर पनि बच्चाको जन्डिस सन्चो भएको हो।

**ख) जुका पर्नु** (Worm Infestation) केटाकेटीहरु यताउता खेलिरहने र खाने पिउने बेलामा राम्ररी हात पनि नधुने भएकोले जुका पर्नु सामान्य कुरा हो। त्यस्तै फेरि जुका परेपछि पनि राम्ररी हात नधुने अर्को कारण हो। मानिसको जुकाको फूल (Ova) ले संक्रमित अथवा दिशा मिसिएको खाना पिउनाले मानिसमा जुका पर्छ। जुकाको फूल झिंग वा अरु किटाणुहरुले स्वस्थ्य खानामा सार्छ भने संक्रमित पानी वा अन्य खाना पिउनाहरुले पनि सार्छ।

जुन वर्षायाममा बढी देखिन्छ। त्यसैले डाक्टर हरुले केटाकेटीहरुलाई ६/६ महिनामा जुकाको औषधि खुवाउने सल्लाह दिन्छ। केटाकेटीलाई जुका परेपछि पेट दुख्छ, खासगरी नाभि वरिपरि, खाना पिउनाको रुचि कम हुन्छ, पेट फुल्छ, डुम्म परेको हुन्छ, वाक वाकि आउँछ, वान्ता हुन्छ। केटाकेटीहरुमा आलस्य पना आउँछ। चल्न खेल्न मन गर्दैन। पछि गएर शरीरमा रगत कम भएर रक्त अल्पता देखापर्छ। छिटो थकाई लाग्छ। आँखा फुस्रो र सेतो भएर आउँछ।

नङगहरु चम्चा जस्तो खाल्टो परेर आउँछ। पछि गएर विछ्यौनामा पर्छ। निदान गाह्रो छैन। दिशा जाँच गऱ्यो भने कुन जुका परेको हो थाहा पाउँछ। अनि उपचार पनि सजिलो हुन्छ।

बेलुका खाना पछि केटाकेटीको उमेर अनुसार एक मात्रा जुकाको औषधि खुवाउने हो। जुका वाहेक अरु रक्त अल्पता छ, खाना पिउनमा रुचि छैन भने त्यसको औषधि पनि खुवाउनु पर्छ। एक हप्ता पछि अर्को एक मात्रा जुकाको औषधि खुवाउनु पर्छ। जसबाट बाकिरहेका जुकाहरु पनि मर्छन्। जुकाको औषधि खुवाएपछि चारदिनसम्म माछा मासु केके बार्नु पर्छ भनिन्छ त्यो सत्य होइन। केटाकेटीहरुको इच्छानुसार सबैकुरा खुवाए हुन्छ।

क्रमशः..........

# राज्य पुनर्संरचनाको सवालमा

## नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले जेठ २५ गते जारी गरेको

# विज्ञप्ति

गत बैशाख १२ र २९ गते गएको विध्वंसकारी महाभुकम्पले मुलुक आक्रान्त भइ जनता दुःखमा परिरहेको अवस्थामा नेपालको नयाँ संविधान बनाउने सिलसिलामा प्रमुख चार राजनैतिक दलहरुको बीच भएको सहमति प्रति **नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समिति**को गंभीर ध्यानाकर्षण भएको छ । फाष्ट ट्रायकबाट संविधान जारी गर्ने नाममा जनताको सुसूचीत हुने अधिकार बञ्चित हुने मात्र नभई आदिवासी जनजाति लगायत विभेदमा पारिएका जनताहरुको समस्या, माग र मुद्धाहरुलाई बेवास्ता गरी जारी हुने संविधान स्वीकार्य नहुने र यसले मुलुकको हित नहुने भएकोले यथासिघ्र नेपालका आदिवासी जनजातिहरुसंग विगतमा राज्यले गरेको २० बुँदे र ९ बुँदे सहमतिहरुलाई सम्बोधन गरी नयाँ संविधान जारी गरिनुपर्दछ ।

पहिलो संविधानसभाद्धारा गठीत **'राज्य पुनःसंरचना तथा शक्तिको बाँडफाँड समिति'** ले तय गरेको पहिचान र सामर्थ्यको आधार तथा मान्यता एवं तत्कालीन नेपाल सरकारद्धारा गठीत **'उच्चस्तरीय राज्य पुनः संरचना सुझाव आयोग'** ले दिएको सुझावका आधारमा नेवाः प्रदेश लगायत विभिन्न समुदायको पहिचानसहितको संघीय संविधान जारी गर्नुपर्नेमा प्रदेशको नाम र सीमा बिनाको संविधान बनाउनुको अर्थ हुने छैन । समुदायगत सघनताको आधारमा अहिले नै प्रदेशहरुको नामाङकन र सिमाङकन हुनु पर्दछ ।

देशका सबै जाति, भाषा र क्षेत्रका जनताको राज्यमा विगत लामो समयदेखि उठाइ राखेको समानुपातिक प्रतिनिधित्व हुने गरी निर्वाचन गर्नु नै सबभन्दा उत्तम र न्यायपूर्ण व्यवस्था हुने भएकाले पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागु हुनुपर्दछ । त्यस्तो हुन नसके २०६९ साल जेठ ९ गते नेपाल सरकार र आदिवासी जनजाति संयुक्त संघर्ष समितिसँग भएको ९ बुँदे सम्झौता अनुसार समानुपातिक ६० र प्रत्यक्ष ४० प्रतिशत हुने गरी व्यवस्था गरिनु पर्दछ ।

नेपालको अन्तरिम संविधान २०६३ ले सुनिश्चित गरेका लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता जस्ता महत्वपूर्ण उपलब्धिहरुलाई नयाँ संविधानमा यथास्थानमा संस्थागत गर्ने काम गरिनु पर्दछ ।

यदि आदिवासी जनजाति लगायत न्याय र समानता पक्षधर जनताको आशा, अपेक्षा र भावना विपरित देश महाविपत्तिको अवस्थामा रहेको वेला जबरजस्ती रुपमा चार दलको सहमतिको नाउँमा ८ प्रदेशको पहिचान विहिन संविधान निर्माण गरेमा हाम्रो सम्पूर्ण रुपमा विरोध रहने छ । यसका साथै नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समिति सबै आदिवासी जनजाति लगायत न्याय र समानता प्रेमी सम्पूर्ण नेपाली जनतो यथास्थितिवादी र प्रतिगामी संविधानको विरुद्ध आन्दोलन गर्न बाध्य हुनेछ ।

**मनरत्न शाक्य**
**नायः (अध्यक्ष)**
**नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समिति**
**ने.सं.११३५ तछलागा षष्ठी**
**२०७२ जेष्ठ २५**

## सूचं ! सूचं !! सूचं !!!

वंगु बैशाख १२ गते शनिवार व बैशाख २९ गते मंगलबार वःगु तःभुखाचं झीगु देसय् यक्व धनजन नास यानाब्यूगु झी सकसिनं स्यूगु हे जुल । आः हानं अजःगु विपति मवयेमा धकाः पाँगाया मू गणेद्यः धुसिच्वंम्ह श्री सिद्धि गणेश व लाछि विष्णुदेवीया क्षमापुजा श्री सिद्धि गणेश पालाः मिसा पुचःपाखें थ्वहे वइगु जेठ ३० गते सनिवाः न्यायेकीगु क्षमापुजाय् ब्वति कयादीत सकलसित इनाप यानाच्वना ।

**ईः सुथसिया च्याता इलय्**
**दिंः जेठ ३० गते सनिवाः**

**स्वापूया निंति**
**१. बिना महर्जन ( फोन ल्याः ९८१३८२३९७२**
**२. श्री सिद्धि गणेश भजन मण्डल**
**३. महेश महर्जन( फोन ल्याः ९८४१८५९८७५**
**४. केदार महर्जन ( ९८४१५४६५८५**

## हार्दिक श्रद्धाञ्जली

जन्मः २०१०/०५/१५



निधनः २०७२/०२/१२

**स्व. रूपा महर्जन**

हाम्रा ममतामयी दिदी हेखाली पाँगाका **रूपा महर्जन**को गत जेठ १२ गते ६१ वर्षको उमेरमा असामयिक निधन भएकोले हामी मर्माहट भएका छौं । उहाँको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस भनी समवेदना व्यक्त गर्दछौं ।

**बहिनीहरु/ज्वाईंहरुः** श्यामकुमरी महर्जन /ईश्वरलाल महर्जन
कृष्णकुमारी महर्जन/ रबि महर्जन
पुनकुमारी महर्जन /कविर महर्जन
जमुना महर्जन /सन्तोष महर्जन
भुना महर्जन / गणेश महर्जन
झलनानी महर्जन /लक्ष्मण महर्जन
बिन्दिरा महर्जन / बिजय काजी डंगोल
बिना महर्जन / विरभद्र महर्जन

## हार्दिक श्रद्धाञ्जली

जन्मः २०१०/०५/१५



निधनः २०७२/०२/१२

**स्व. सुश्री रूपा महर्जन**

यस शुभ सेवा बचत तथा ऋण सहकारी संस्थाका शेयर धनी सदस्य पाँगा हेखाली निवासी **सुश्री रुपा महर्जनको** ६१ बर्षको अल्प आयुमै स्वर्गारोहण भएकोले दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**शुभ सेवा बचत तथा ऋण सहकारी संस्था लि.**
कीर्तिपुर वडा नं. ९, पाँगा, ढोकासि, फोन नं. ४३३६७०८

## पाँगामा शान्तिदीप बाली श्रद्धाञ्जली दिइयो



गत बैशाख १२ गतेको विनाशकारी भूकम्पमा परी देहावसान हुनु भएका सम्पूर्ण मृतकको ४५ औं दिनको पुण्यतिथिमा देशभर विभिन्न कार्यक्रम गरी दिवंगतहरुको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गरिएको थियो। यसै सन्दर्भमा पाँगास्थित ९ वडा सामुदायिक विपद व्यवस्थापन समिति पाँगाले पनि नवज्योति स्कुलको प्रांगणमा जेठ २५ गते साँझ ७ बजे दीप प्रज्वलन गरी श्रद्धाञ्जली अर्पण गरियो।

## जलविनायक सामुदायिक ब.उ.समूहद्वारा श्रद्धाञ्जलि एवं राहत वितरण




गत जेठ २५ गते बैशाख १२ गतेको भूकम्पमा परि दिवंगत हुनु भएकाहरुको ४५ औं पुण्यतिथिमा जलविनायक सामुदायिक वन उपभोक्ता समूहद्वारा आफ्ना सदस्यहरु तथा अन्य व्यक्तिहरुको सम्झनामा श्रद्धाञ्जली सभाको कार्यक्रम गरिएको थियो।

उक्त कार्यक्रममा आफ्ना सदस्य मृतक प्रति परिवारलाई १८,५००/ नगद राहत वितरण गरिएको थियो। बिहान ७.३० बजे भएको कार्यक्रममा हिमाल सिमेण्ट सरोकार समितिबाट पनि प्रति परिवार रु. १० हजारका दरले राहत वितरण गरिएको थियो।

## ने.वि.संघद्वारा कीर्तिपुर मा.वि. मा ४ कोठा निर्माण सहयोग



नेपाल विद्यार्थी संघ केन्द्रिय सभापति एवं सभासद कर्ण रन्जितको नेतृत्वमा त्रि.वि.स. अध्यक्ष सन्तोष पौडेल र केन्द्रिय सदस्य मोतिलाल भण्डारीको संयोजनमा कीर्तिपुर मा.वि.को टहरा बनाउन ५० जना विद्यार्थीहरु लागिरहेका छन।

जिल्ला शिक्षा कार्यालयबाट खटिएका इन्जिनियरले की.मा.वि.को दक्षिणतिरको भवन र पश्चिम तिरको दुइटा कोठामा रातो स्टिकर टाँसेपछि स्कुल संचालन गर्न अप्ठ्यारो परेको बेला नेपाल विद्यार्थी संघका केन्द्रिय सभापति कर्ण रन्जित जो आर्किटेक्ट इन्जिनियर पनि हुनुहुन्छ।

उहाँले नै डिजाइन गरी स्कुल भवनको पश्चिममा रहेको खुला चौरमा ४ वटा कोठा बनाउन श्रमदान गरिरहेका छन। सो कोठा बनाउन चाहिने फलाम होटल हिलासाइडका विजय महर्जनले दिने, जस्तापाता र अरु चाहिने सबै सामान ने.वि.संघले नै सहयोग गर्ने सभापति कर्ण रन्जितले बताउनु भयो।

## हार्दिक श्रद्धाञ्जली



**स्व. हिरा थकुं महर्जन (हेकूँ)**
जन्मः वि.सं.१९८१



**स्व. माणिक लाल महर्जन**
जन्मः वि.सं.२००० मंसिर

क्षेत्र नं.१० नेपाली कांग्रेसका महासमिति सदस्य पाँगा निवासी श्री बद्रीलाल महर्जनका आमा तथा क्रियाशील सदस्य सुनिल महर्जनका हजुर आमा **हिरा थकुं महर्जन** (हेकूं) ९१ वर्ष, बद्रिलाल महर्जनका दाजु एवं सुनिल महर्जनका पुज्यनीय बुबा **माणिक लाल महर्जन** ७२ वर्ष को गत बैशाख १२ गतेको महाभूकम्पमा परी दिवंगत हुनु भएको बैशाख २५ गते ४५ औं दिनको पुण्यतिथीमा दिवंगतहरुको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा परिवारजनले धैर्य धारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**रेणुलाल महर्जन**

**सभापति नेपाली कांग्रेस १७ नं. वडा ईकाई समिति तथा परिवार र सम्पूर्ण क्रियाशील सदस्यको तर्फबाट**

**कीर्तिपुर, क्षेत्र नं.१०**